# स्थानीय राजपत्र


## गल्छी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ सङ्ख्या : १ मिति : २०७५/०३/२५


## भाग : १

# गल्छी गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:**

गल्छी गाउँपालिकाको सबै प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त गल्छी गाउँ कार्यपालिकाले नीति, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न आवश्यक भएकोले गल्छी गाउँ सभाले यो ऐन जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (१) यो ऐनमा नाम गल्छी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन गल्छी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुने छ ।

२. <u>परिभाषाः</u> (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले गल्छी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले गल्छी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले गल्छी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गल्छी गाउँ सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. <u>नियम बनाउने अधिकारः</u> (१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गल्छी गाउँ कार्यपालिकाले आवश्यक नीति तथा नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नीति तथा नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** (१) संविधान, संघीय तथा प्रदेश कानुन र यस ऐन अन्तर्गत बनेका नियमावलीको अधिनमा रही गल्छी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

५. **आदेश वा नियम बनाउन सक्ने**: प्राकृतिक प्रकोप वा महामारी वा यस्तै विषम परिस्थितिको अवस्थामा गाउँ कार्यपालिकाले गाउँपालिका बासीको हित र अमन चयन कायम गर्न तत्काल कुनै आदेश वा निर्देशन जारी गर्नुपर्ने आवश्यक देखेमा त्यस्तो आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

तर त्यस्तो आदेश वा निर्देशन जारी गर्दा प्रचलित कानुनको भावनाको अनुकूल हुने गरी जारी गर्नु पर्नेछ ।

६. **यस ऐन बमोजिम हुने:** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए विषयका हकमा यसै ऐन बमोजिम हुनेछ ।

७. **बचाउ:** यो ऐन लागु हुनुपूर्व भए गरेका निर्णय एवं निर्माण गरिएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
पुण्य बिक्रम पौडेल
प्रमुख प्रशासकीय अधिकृत